**संयुक्त विज्ञप्ति**

काठमाडौं, ४ श्रावण २०७९

**संक्रमणकालीन न्याय कानुन संशोधन विधेयकका त्रुटी सच्याउ ।**

सरकारले गत असार ३१ गते संसदमा दर्ता गरेको "बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक" उपर पीडित समुदाय र अन्य सरोकारवालाहरूले राखेका माग, चासो र सरोकारप्रति हामी मानवअधिकार संघ संस्थाहरू पूर्ण ऐक्यबद्धता व्यक्त गर्दछौं ।

परिपूरण लगायतका सन्दर्भमा व्यवस्था गरिएका सकारात्मक प्रावधान भए पनि संशोधन विधेयकमा पीडितको प्रभावकारी उपचारको अधिकार हनन गर्ने धेरै प्रावधानहरू छन् भन्ने हाम्रो निष्कर्ष रहेको छ । हत्या, यातना, बलात्कार र अन्य प्रकारका गम्भीर यौन हिंसा, युद्ध अपराध र मानवता विरुद्धको अपराध लगायतका मानवअधिकारको गम्भीर उल्लङ्घन र अन्तर्राष्ट्रिय अपराधमा संलग्न व्यक्तिलाई आममाफी दिने कुरा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनबमोजिम स्वीकार्य छैन । तसर्थ, विधेयकमा समावेश गरिएका उल्लङ्घनहरूको वर्गीकरण पनि स्वीकार्य छैन । मानवअधिकारको गम्भीर उल्लङ्घन र मनसायगत अपराधमा संलग्न व्यक्तिहरूलाई प्रत्यक्ष वा परोक्ष रूपमा फौजदारी जवाफदेहिताबाट उन्मुक्ति नदिन सरकार र राजनीतिक दलहरूबाट गम्भीर प्रतिवद्धता तथा प्रयास आवश्यक छ ।

तसर्थ, विधेयकको संवेदनशीलतालाई ध्यानमा राख्दै, हामी निम्न कुराहरुको हार्दिक आव्हान गर्दछौं :

१) मन्त्रालयलाई विधेयक राष्ट्रिय, अन्तर्राष्ट्रिय कानून, नेपालको सर्वोच्च अदालतको फैसला र परामर्शका दौरान पीडितहरूले व्यक्त गरेका मागहरू अनुरूप रहेको सुनिश्चित गर्न विधेयकमा पुन संशोधन गर्न आव्हान गर्दछौं । २) सार्वभौम जनप्रतिनिधि संस्था संघीय संसदलाई विधेयकले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन र पीडितको मागलाई हनन नगरेको कुरा सुनिश्चित नगरी विधेयकलाई कानूनको रूपमा पारित नगर्न आव्हान गर्दछौं । ३) नेपालका राजनीतिक दलहरूलाई संसदबाट समावेशी प्रक्रिया अपनाएर कानून पारित गर्न गराउन रचनात्मक भूमिका निर्वाह गर्न आव्हान गर्दछौं । ४) संयुक्त राष्ट्र संघ र नेपालका अन्तर्राष्ट्रिय विकास साझेदारहरूलाई अन्तर्राष्ट्रिय कानूनसँग मेल नखाने र नेपालमा थप दण्डहीनतालाई प्रशय दिने कुनै पनि प्रक्रियालाई वैधानिकता दिई समर्थन नगर्न आव्हान गर्दछौं ।

**हस्ताक्षर गर्ने संस्थाहरू :**

| | | | |
|---|---|---|---|
| १ | जवाफदेहिता निगरानी समिति (एडब्ल्यूसी) | २ | वकालत मञ्च नेपाल (एएफ) |
| ३ | अलायन्स फर सोसल डायलग (एएसडी) | ४ | एम्नेस्टी इन्टरनेसनल नेपाल |
| ५ | नीलहीरा समाज नेपाल | ६ | सेन्टर फर लिगल स्टडीज (सिएलएस) |
| ७ | सिभिल राइट्स एसोसिएसन नेपाल | ८ | शान्तिका लागि साझा अभियान (कोक्याप) |
| ९ | द्वन्द्वपीडित राष्ट्रिय महिला सञ्जाल | १० | द्वन्द्वपीडित साझा चौतारी |
| ११ | द्वन्द्वपीडित राष्ट्रिय सञ्जाल | १२ | न्यायका लागि द्वन्द्वपीडित समाज |
| १३ | लोकतान्त्रिक स्वतन्त्रता तथा मानवअधिकार संस्था (डीएफएआरआई) | १४ | बहिर्गमित जनमुक्ति सेना नेपाल (डी-प्लान) |
| १५ | नेपाल पुनरस्थापकीय न्याय मञ्च | १६ | महिला कानून तथा विकास मञ्च ( एफडब्ल्यूएलडी) |
| १७ | हिम राइट्स | १८ | मानव अधिकार तथा न्याय केन्द्र (एचआरजेसी) |
| १९ | राष्ट्रिय मानव अधिकार प्रतिष्ठान (हुर्फोन) | २० | अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) |
| २१ | मानवअधिकार, वातावरण तथा विकास सम्बन्धी अन्तर्राष्ट्रिय संस्था (इन्हुरेड इन्टरनेसनल) | २२ | न्याय तथा अधिकार संस्था (ज्युरी-नेपाल) |
| २३ | सामाजिक न्यायका लागि कानून तथा नीति मञ्च (ल्यापसोज) | २४ | कानूनी सहायता तथा परामर्श केन्द्र नेपाल ( एलएसीसी) |
| २५ | नागरिक आवाज | २६ | महिला मानव अधिकार रक्षक राष्ट्रिय सञ्जाल |
| २७ | अपांग द्वन्द्वपीडितहरूको राष्ट्रिय सञ्जाल | २८ | वेपत्ता परिवा राष्ट्रिय सञ्जाल (एनएफएडी) |
| २९ | नेपाल कानून तथा नीति केन्द्र | ३० | नेपाल पीस बिल्डिङ इनिसिएटिभ |
| ३१ | पीस ईन्भिजनरर्स | ३२ | सार्वजनिक प्रतिरक्षक समाज नेपाल (पीडीएस-नेपाल) |
| ३३ | तरङ्गिणी फाउन्डेशन | ३४ | तराई मानवअधिकार रक्षक संजाल (टीएचआरडी अलायन्स) |
| ३५ | द स्टोरी किचन | ३६ | बहुसांस्कृतिक मनोसामाजिक संस्था (टीपीओ-नेपाल) |
| ३७ | भ्वाइसेस अफ वुमन मिडिया (भाओ मिडिया) | ३८ | मानव अधिकारका लागि एकल महिला (डब्लु एच आर) |
| ३९ | महिला पुन:स्थापना केन्द्र (ओरेक) | | |